
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस ९ गते सोमबार ❑ 25 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## स्वास्थ्य क्षेत्रमा धेरै अनियमितता छः मन्त्री बस्नेत

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस



नेपाल सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहन बहादुर बस्नेतले स्वास्थ्य क्षेत्रमा धेरै अनियमितता भएको बताए ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य समन्वय महाशाखाले आईतबार पोखरामा आयोजना गरेको नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ प्रादेशिक सार्वजनिकिकरण कार्यक्रममा वोल्दै मन्त्री बस्नेतले उक्त कुरा बताएका हुन्।

देशको राजधानि काठमाण्डौं जस्तो स्थानमा पनि ९० प्रतिशत जसो अवैधानिक रुपमा मेडिकल तथा स्वास्थ्य संघ संस्थाहरु संचालन भएको बताउदै मन्त्री बस्नेतले यसको नियमन नियमित रुपमा हुनै पर्नेमा जोड दिए । स्थानीय, प्रदेश र संघिय सरकार बिच समन्वय गरि देशमा स्वास्थ्य र शिक्षामा निशुल्क गर्न सके आम नेपाली जनताको लागि ठुलो उपलब्धि हुने मन्त्री बस्नेतले दाबी गरे । संघियता आए पछि पनि केही काम काजको लागि लामो दुरीमा काठमाण्डौं जानुपर्ने बाध्यताको अन्त्य गर्नुपर्ने उनले माग गरे । छलफलमा आएका सुझाव शिरोपरी गर्ने उनको भनाई थियो ।

नेपालमा ९२ हजार स्वास्थ्यकर्मी अभाव भएको मन्त्री बस्नेतले दाबी गरे। हाल ३२ हजार स्वास्थ्यकर्मी रहेको सरकारी तथ्यांक भए पनि बास्तवमा रिटायर र विदेशीएकाको एकिन तथ्यांक नहुदा २८ हजार मात्र नेपालमा कार्यरत स्वास्थ्यकर्मी रहेको जनाए । आउदो चैत महिना देखि देशका सातै प्रदेशमा छात्राबृत्तीका चिकित्सकहरू पठाउने मन्त्री बस्नेतले बताए । छात्रबृत्तिको कोटा चैतमै आउने भएको छ । नेपालमा उत्पादन भएका औषधीको अनुगमन गर्दै आएको बताएका मन्त्री बस्नेतले नेपाल औषधिमा आत्मनिर्भर बन्दै आएको जनाए । बिमा कार्यक्रमलाई प्रभावकारी बनाउने मन्त्री बस्नेतले दाबी गरे । एक ठाउँमा गर्ने बिमाले देशका कुनै पनि ठाउँमा उपचार गर्न सकिने व्याबस्था मिलाउदै गरेको उनले जनाए । सरकारले स्वास्थ्य क्षेत्रमा अघिल्लो बर्षको तुलनामा ५० प्रतिशत बजेट घटाएकोले चाहेर पनि स्वास्थ्य क्षेत्रमा धेरै काम गर्न नसकेको उनले बताए । स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधान गरि आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सरकार लाग्ने उनले जनाए । मन्त्रालयका सचिव रोसन पोखरेलले डिपिआर बनेका स्वास्थ्य कार्यालय भवनको खर्चको विवरण आएमा भुक्तानी गर्न तयार भएको बताए ।

कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुशिला सिंखडाले स्वास्थ्यको क्षेत्रमा प्रदेश सरकार सचेत भएको बताइन् । बिमा कार्यक्रम प्रभावकारी हुन नसकेको, अस्पताल संचालनमा कठिनायी भएको, २०५४ साल देखि स्वास्थ्यकर्मी दरवन्दी थप नभएको, दक्षजनशक्तित अभाव, ईकुमेन्ट विना आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउन कठिनायि भएको सहभागीले गुनासो गरेका थिए । कार्यक्रममा प्रदेशका स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## लेकसाइडमा रोटरी कार्निभल

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस



पोखराका विभिन्न ९ वटा रोटरी क्लबहरुको आयोजनामा लेकसाइडमा 'रोटरी कार्निभल-२०२३' सम्पन्न भएको छ ।

शनिबार फेवाताल किनार खहरेमा आयोजित रोटरी कार्निभल उद्घाटन गर्दै रोटरी इन्टरनेशनल ३२९२ का गभर्नर राजेन्द्रप्रसाद ध्वजुले हरेक जोनमा रोटरी कार्निभल गर्नुपर्नेमा जोड दिए । उनले रोट्र्याक्टलाई पनि समेट्दै फेलोसिपसँगै सामाजिक सेवामा कार्निभल उपयोगी हुने बताए ।डिष्ट्रिक्ट गभर्नर नोमिनी विनोद कोइरालाले यस किसिमको कार्यक्रम रोटरीमा महत्वपूर्ण रहेको भन्दै निरन्तरताको कामना गरे । उनले रोटरीको सार्वजनिक छवि बढाउन, पर्यटन प्रवर्द्धन तथा संस्कृतिको संरक्षणमा कार्निभल सहयोगी हुने बताए । कार्यक्रममा डिष्ट्रिक्ट सेक्रेटरीद्वय दुर्गा सुवेदी, दिनेशराज मानन्धर, असिस्टेन्ट गभर्नरहरु जयराम पौडेल, ईश्वरप्रसाद कर्माचार्य, पुरन कुँवर, रोटरी बानेश्वरका अध्यक्ष विष्णु कार्की, रोटरी भरतपुरका पूर्व अध्यक्ष आईपी ढकाल, रोटरी कार्निभलका परिकल्पनाकार सुभाष सिग्देल लगायतले मनोरञ्जन र फेलोसिपसँगै सामाजिक सेवामा रोटरी कार्निभल महत्वपूर्ण रहेको बताए । कार्यक्रमको संयोजन रोटरी न्यूरोड पोखराका अध्यक्ष रामविक्रम अधिकारीले गरेका थिए । गत वर्ष रोटरी क्लब अफ पोखरा न्यूरोड एक्लैले कार्निभल गरेकोमा यसपालि बृहत् बनाउन रोटरी इन्टरनेशनल ३२९२ अन्तर्गत पोखराका ९ वटै क्लबहरुले संयुक्त आयोजना गरेको रोटर क्लब अफ पोखरा मिडटाउनकी अध्यक्ष सोनी ढेवाजूले बताइन । कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रम पनि गरिनुका साथै कौडा, तामाङ्सेलो, सालैजा, झ्योरा लगायत नृत्य पनि देखाइएको रोटरी प्याराडाइजका पब्लिक इमेज चेयरपर्सन तथा सहसचिव जसु गुरुङले बताइन् । नृत्य स्टार्स स्टूडियोको संयोजनमा भएको थियो। रोटरी कार्निभलका परिकल्पनाकार सुभाष सिग्देल पोखरामा पर्यटन प्रवर्द्धनसहित लोकसंस्कृतिको जगेर्नाका लागि आफूहरुले अझ बृहत् रुप दिन यसपालि पोखराका ९ वटै क्लब लागेको बताए ।

कार्निभलबाट बचत रकम जाजरकोट भूकम्पपीडितको सहयोगार्थ केही ठूलो प्रोजेक्ट गर्ने योजना रहेको उनले बताए । गत वर्ष पनि बचत करिब ७० हजार पोखरामा सार्वजनिक शौचालय, कलेज व्यवस्थित गर्न र पुनर्निर्माणमा खर्चिएको रोटरी क्लब अफ पोखरा न्यूरोडका पूर्व अध्यक्ष समेत रहेका सिग्देलले बताए । आयोजनास्थल आसपासका करिब १० रेष्टुरेन्टले सहभागीलाई विभिन्न प्रकारका खानाका परिकार पस्किएका थिए । जसमा उनीहरु रातिसम्मै रमाए । कार्यक्रममा धन्यवाद ज्ञापन रोटरी लेकसाइड अध्यक्ष शोभाकान्त सिग्देलले गरेका थिए । रोटरी इन्टरनेशनल ३२९२ अन्तर्गत १ सय ५४ क्लब छन् । तीमध्ये एउटा भुटान र बाँकी नेपालमा छन् । पोखरामा रोटरी क्लब अफ पोखरासहित रोटरी इन्टरनेशनल ३२९२ अन्तर्गत न्यूरोड, लेकसाइड, मिडटाउन, फिस्टेल, अन्नपूर्ण, लेखनाथ, प्याराडाइज र गण्डकी क्लब सञ्चालित छन् ।

## एनप्याब्सनको बाल प्रतिभा पहिचान महोत्सव सकियो

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस



नेशनल प्याब्सन कास्कीले आयोजना गरेको प्रथम बृहत वाल प्रतिभा पहिचान महोत्सव २०८० आइतबार समापन भएको छ ।

११ वटा विधामा प्रतियोगिता राखिएकोमा आफ्ना क्षमता अनुसारका विधामा सहभागिता जनाई विद्यार्थीले आफ्ना प्रतिभा प्रस्तुत गरेका थिए । महोत्सवमा सामूहिक लोक नृत्य तर्फ अञ्जुली आवसिय विद्यालय प्रथम, अक्सफोर्ड स्कुल द्धितीय, कास्की मोर्डनाइज्ड एकेडेमी तृतीय र राजिङ स्टार सान्त्वना भएका छन् । महोत्सवमा चित्रकला तर्फ लिटिल फ्लावर एजुकेशनल एकेडेमीकी रोजी गुरुङ प्रथम, रत्नज्योती माविका रोजन थापा द्धितीय, गोर्खा इङ्लिस वोडिङ स्कुलका अमित घले तृतीय र फेवा वोडिङ स्कुलका प्रवेश परियार सान्त्वना भएका छन् । कम्प्युटर टाइपिङ प्रतियोगिता तर्फ कास्की मोर्डनाइज्ड एकेडेमीका दिक्पल गुरुङ प्रथम, साइनिङ स्टार वोर्डिङ स्कुल अग्रीम पाण्डे र लाविन रेसिडेन्सियल स्कुलका सक्षम थापा द्धितीय, त्रिवेणी पब्लिक माविका प्रमोद रानाभाट र नेशनल क्रियशन एकेडेमीका योजन पौडेल तृतीय तथा रिलायन्स पब्लिक इङ्लिस स्कुलका पुजन कंडेल, रत्नज्योती माविका स्वरुप तिवारी, पुष्पसदन एकेडेमीका प्रज्वल केसी र गोर्खा इङ्लिस वोर्डिङ स्कुलका डेनियल तामाङ सान्त्वना भएका छन् । एकल अभियन प्रतियोगिता तर्फ कास्की मोर्डनाइज्ड एकेडेमीकी खुश्वु थापा प्रथम, सिद्धार्थ लवडेल वोर्डिङ स्कुलकी छिरिङ थिले द्धितीय, डायमण्ड मोडल स्कुलकी सेविया सापकोटा तृतीय र मर्निङग्लोरी एकेडेमीक स्कुलकी मेनुका पौडेल सान्त्वना भएका छन् । चोयाबाट वनेका सामग्री हस्तकला प्रतियोगिता तर्फ मर्निङग्लोरी एकेडेमिक स्कुलका सुदिप राइ र सरोज तामाङ तथा युनिभर्स वोर्डिङ स्कुलका रितिका गुरुङ र प्रतिक श्रेष्ठ प्रथम, गोर्खा इङ्लिस वोर्डिङ स्कुलका पूर्ण राना र सिमा पाटा द्धितीय, वागमारा एकेडेमिक गार्डेनका हिमाल गुरुङ र सुगम आचार्य तृतीय तथा ओएसिस एकेडेमीका कृष परियार र आभाष रानाभाट सान्त्वना भएका थिए ।

पराल वा छ्वाली वाट वनेका सामाग्री हस्तकला प्रतियोगितामा मर्निङग्लोरी एकेडेमीक स्कुलका सरगम गिरी र मनिका आचार्य प्रथम, गोर्खा इङ्लिस वोर्डिङ स्कुलका रोशनी राना र रशिका गुरुङ द्धितीय, लाविन रेसिडेन्सियल स्कुलका सिम्रन कुमाल र श्रेया केसी तृतीय र फेवा वोर्डिङ स्कुलका ममता अधिकारी र प्रतिष्ठा विक सान्त्वना भएका छन् । पातबाट वनेका हस्तकला प्रतियोगिता तर्फ मर्निङग्लोरी एकेडेमीक स्कुलका मनिका नेपाली र स्मृति दाहाल, ज्ञानज्योती विद्ययाकुञ्ज माविका अनिषा थापा र नविना विक प्रथम, गोर्खा इङ्लिस वोर्डिङ स्कुलका नाज्मा थापा र रचना मगर द्धितीय न्यू ग्यालेक्सी माविका सोफिया क्षेत्री र सुमिना साहानी तृतीय र फेवा वोर्डिङ स्कुलका सम्पदा ढकाल र सपना पाण्डे सान्त्वना भएका छन् । अपसाइक्लिङ/रिसाइक्लिङ प्रतियोगिता रत्नज्योति माविका श्रेया गिरी र कंगना गुरुङ प्रथम, अल्फा एकेडेमीका दिया रानाभाट र निशान केसी द्धितीय, कास्की मोर्डनाइज्ड एकेडेमीका प्रनिशा गुरुङ र नितु खत्री तृतीय तथा गोर्खा इङ्लिस वोर्डिङ स्कुलका दिया राना र विजय सुनार सान्त्वना भएका छन् । आविस्कार प्रतियोगिता तर्फ रत्नज्योति माविका रिविका गुरुङ र एन्जिला अधिकारी प्रथम, अक्सफोर्ड स्कुलका गौरव आचार्य र हिमाल आचार्य तथा कास्की मोर्डनाइज्ड एकेडेमीका सलिन महत र कृष्ण गुरुङ द्धितीय, अञ्जुली आवासिय माविका प्रमिश अधिकारी र मेनुष्का पुन तृतीय तथा होली माउण्ट अंग्रेजी माविका अभय विक र शुशान्त अधिकारी सान्त्वना भएका छन् ।

कविता वाचन प्रतियोगिता तर्फ साइनिङ स्टार वोर्डिङ स्कुलकी विना घिमिरे प्रथम, ज्ञानज्योती विद्याकुञ्ज माविका वुष्मा अधिकारी द्धितीय, अक्सफोर्ड स्कुलकी लिना गुरुङ तृतीय र कास्की मोर्डनाइज्ड एकेडेमीका कसिस गुरुङ सान्त्वना भएका छन् । एकल गायन प्रतियोगिता तर्फ वड्स एकेडेमीका दिपलक्ष्य सुनार प्रथम, ज्ञानज्योती विद्याकुञ्ज माविका डेभिड सुनार द्धितीय, अक्सफोर्ड स्कुलका प्रिन्स लम्साल क्षेत्री र साइनिङ स्टार वोर्डिङ स्कुलका अंशु पाण्डे तृतीय र नेशनल क्रियशन एकेडेमीका सौगात तामाङ सान्त्वना भएका छन् । समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेश सभा सदस्य विन्दुकुमार थापाले कला र संस्कृतिको जगेर्ना गर्ने काम एन प्याब्सन कास्कीले गरेको बताए। राष्ट्रिय परिक्षा वोर्ड गण्डकी प्रदेशका प्रमुख लक्ष्मण देवकोटाले महोत्सव विद्यार्थीकालागि कोषेढुंगा सावित भएको बताए। एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्याब्सन कास्कीका अध्यक्ष मथुराप्रसाद पौडेल, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, एन प्याब्सन कास्कीका सचिव प्रेमराज अधिकारीले बोलेका थिए। महोत्सवमा विभिन्न विधामा १ हजार ६ जना विद्यार्थी प्रतियोगितामा सहभागिता जनाएको एन प्याब्सन कास्कीका सचिव प्रेमराज अधिकारीले जानकारी दिनुभयो । एन प्याब्सनले एक वर्ष खेलकुद महोत्सव र एक वर्ष शैक्षिक मेला गर्दै आएकोमा यस पटक शैक्षिक मेलालाई परिमार्जित गरेर वाल प्रतिभा पहिचान महोत्सव आयोजना गरेको हो । प्रदर्शनीमा नेसनल प्याब्सान कास्की अन्तर्गतका ४७ वटै विद्यालयहरुको सहभागीता रहेको तथा करीब एक लाख भन्दा बढी अवलोकनकर्ताहरुले अवलोकन गरेका छन् ।

## प्रेसमैत्री कानुन बनाउन सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस

गण्डकी प्रदेशसभाको प्रदेश मामिला तथा कानुन समितिको आजको छलफलमा प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई प्रेसमैत्री बनाउनुपर्नेमा सञ्चार सम्बद्ध संस्थाका प्रतिनिधि र पत्रकारले सुझाव दिएका छन् ।

समितिको बैठकमा नेपाल पत्रकार महासङ्घ कास्कीका पूर्व अध्यक्ष दीपेन्द्र श्रेष्ठले आमसञ्चार कानुनमा तजबिजी अधिकारको व्यवस्था नराख्न सुझाव दिनुभयो । उहाँले प्रेस रजिष्ट्रारको नियुक्ति प्रदेश सरकारको सञ्चार हेर्ने मन्त्रीको संयोजकतत्वमा गठित छनौट समितिको सिफारिसका आधारमा मन्त्रिपरिषद्ले नियुक्त गर्ने प्रावधान राख्नुपर्ने बताउनुभयो ।

श्रेष्ठले विज्ञापनको अनुगमन तथा नियमनका लागि विधेयकमा ल्याइएको अनुगमन तथा नियमन समिति आवश्यक नरहेको धारणा राख्नुभयो। "धेरै वटा समिति नबनाऔं, यसले खर्च र व्ययभारमात्र थपिन्छ,

बाँकी अन्तिम पृष्ठमा ▶▶



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सात सय कोल्मा क्रसकन्ट्री दौडमा आर्मीको वर्चश्व

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस

स्याङजाको कोल्मामा सम्पन्न क्रस कन्ट्रि दौडमा आर्मीले बर्चश्व जमाएको छ।

सात सय कोल्मा बहाकोट सम्पर्क मञ्चले आयोजना गरेको चौथो संस्करणको क्रसकन्ट्री दौडमा आर्मीका धावकहरुले बर्चश्व जमाएको हो। क्रसकन्ट्री दौडको उपाधि त्रिभुवन आर्मीका गोपाल तामाङले जितेका छनभने आर्मीकै सञ्जय श्रेष्ठ र शुसिल कुमार शाही उपविजेता र सेकेन्ड रनर अप हुन सफल भएका छन।

निर्धारित दुरि २५ कि मि १ घण्टा ३१ मिनेट ५६ सेकेन्डमा पार गर्दै आर्मीका गोपाल तामाङले उपाधि संगै नगद ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे। त्यस्तै निर्धारित दुरि १ घण्टा ३३ मिनेट ४३ सेकेण्डमा पार गर्दै आर्मीकै सञ्जय श्रेष्ठ प्रतियोगिताका उपबिजेता बने। श्रेष्ठले नगद ४० हजार ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेभने प्रतियोगितामा निर्धारित दुरि १ घण्टा ३४ मिनेट २ सेकेन्डमा पार गर्दै आर्मीकै सुशील कुमार शाहीले तेस्रो स्थान सहित नगद ३० हजार ट्रफी, मेडल र प्रमाणपत्र हात पारे।

त्यसैगरी २१ वर्ष मुनिको १० किमि पुरुष खुल्ला दौडतर्फ तनहुका सनम गुरुङले ४१ मिनेट १४ सेकेन्डमा पार गर्दै उपाधि हात पारे। उपाधि संगै गुरुङले नगद ३० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे। निर्धारित दुरि ४२ मिनेट ४३ सेकेण्डमा पार गर्दै पोखराका तेन्जेन रोका उपबिजेता बन्न पुगे।



उपबिजेता रोकाले नगद २० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्रापत गरे। पोखराकै मनोज रोकाले निर्धारित दुरि ४२ मिनेट ५५ सेकेन्डमा पार गर्दै तृतीय स्थान संगै नगद १० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे। त्यस्तै महिला तर्फको ५ किमिको दौडको उपाधि जुम्लाका राममाया बुढाले हात पारे बुढाले निर्धारित दुरि २१ मिनेट १८ सेकेण्डमा पार गर्दै उपाधि संगै नगद १५ हजार, ट्रफी, मेडल र प्रमाणपत्र हात पारे। निर्धारित दुरि २३ मिनेट १६ सेकेण्डमा पार गर्दै दाङका सुस्मिता कुमारी चौधरि उपबिजेता बनिन। उपबिजेता चौधरिले नगद १० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरिन। प्रतियोगितामा पोखराका नितु तामाङले निर्धारित दुरी २५ मिनेट ३७ सेकेन्डमा पार गर्दै तेस्रो स्थान हासिल गर्न सफल भईन। तामाङले नगद ५ हजार, ट्रफी, मेडल र प्रमाणपत्र हात पार्न सफल भईन। प्रतियोगिताका बिजेताहरुलाई बन्जी नेपाल पोखराले बन्जीका लागि समेत फ्री टिकट उपलब्ध गराएको छ। प्रतियोगितामा ११ वर्षीय एन्जिला जिटि सवभन्दा कम उमेर र ५८ वर्षीय गोविन्द नेपालीले समेत सहभागीता जनाएका थिए। प्रतियोगिताका बिजेताहरुलाई गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री सुशिला सिंखडा, गण्डकी प्रदेशका पुर्व मन्त्री हरु दिपक चर्ती मगर, मेखलाल श्रेष्ठ, गण्डकी प्रदेशका पुर्व सांसद मीन प्रसाद गुरुङ, पुतलीबजार नगरपालिका मेयर तुलसिराम रेग्मी, सात सय कोल्मा सम्पर्क मञ्चका अध्यक्ष दुत प्रसाद गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए। सो अवसरमा वोल्दै गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री सुशिला सिंखडाले खेलकुदको माध्यामबाट ग्रामीण क्षेत्रको बिकासमा थप टेवा पुग्ने वताउदै कोल्माको बिकासका लागी आफ्नो मन्त्रालयबाट सक्दो सहयोग गर्ने वताए। त्यस्तै गण्डकी प्रदेशका पूर्व मन्त्री मेखलाल श्रेष्ठले सातसय कोल्मा सम्पर्क मञ्चले राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता गरी खेलकै माध्यामबाट कोल्मामा पर्यटक भित्रयान सफल भएको वताउदै गाँउको बिकासका लागी सम्पूर्ण राजनैतिक दलहरु एकजुट हुनुपर्ने वताए। त्यस्तै पूर्व मन्त्री दिपक चर्ती मगरले खेलकुदकै माध्यामबाट स्याङजा र तनहँको सिमानामा पर्ने कोल्मालाई राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा चिनाउन सफल भएको वताए। नेकपा एमाले गण्डकी प्रदेशका उपाध्यक्ष तथा पूर्व गण्डकी प्रदेश सभासद मीन प्रसाद गुरुङले कोल्माको बिकासका लागी आफु संधै तत्पर रहेको वताउदै क्रसकन्ट्री दौडलाई आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरे। पुतलीबजार नगरपालिकाका मेयर तुलसिराम रेग्मीले पुलतीबजार ८ र ९ को बिकास संगै कोल्मा खेलकुद मैदानका लागी नगरपालिकाबाट सहयोग गर्ने वताउदै गाउ फर्किने अभियान कोल्माबाट सुरु भएको र यसलाई अन्य गाउका मानिसहरुले समेत सिको गर्नुपर्ने वताए। सो अवसरमा सातौ दक्षिण एसियन कराते खेलमा कुमिते क्याटगोरीमा स्वर्णपदक बिजेता तनहु देवघाट ५ का पार्वती गुरुङलाई सम्मान समेत गरेको थियो। सात सय कोल्मा सम्पर्क मञ्चका अध्यक्ष दुत प्रसाद गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मञ्चका अक्षयकोष संयोजक चित्र बहादुर गुरुङ, पुतलीबजार नगरपालिका वडा नम्बर ९ का अध्यक्ष लील प्रसाद गुरुङ लगायतले वोलेका थिएभने मञ्चका महासचिव जीवन पोखेल र सचिव जीवन थापा मगरले सञ्चालन गरेका थिए।

# चरक अस्पतालको सहयोगमा म्याग्दीमा नि:शुल्क स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस

पोखरा नागढुंगा स्थित चरक अस्पतालको सम्पूर्ण चिकित्सकीय तथा प्राविधिक सहयोगमा लायन्स क्लब अफ पोखरा अभियानले म्याग्दीमा शनिबार निःशुल्क स्वास्थ्य शिविरको आयोजना गर्‍यो।

बेनी नगरपालिका वडा नं. घतान नेप्टेचौर स्थित राष्ट्रिय मावि प्राङ्गणमा भएको स्वास्थ्य शिविरबाट वरपरका ६५० जना बढी लाभान्वित भएका छन्।

लायन ईन्टरनेशनल ३२५ आई नेपालका डिस्ट्रिक्ट गभर्नर चन्द्रकुमार केसीको प्रमुख आतिथ्यता एवं बेनी वडा नं. ९ का अध्यक्ष चक्रबहादुर केसीको आतिथ्यतामा भएको शिविरमा आवश्यकलाई औषधि वितरणसमेत गरिएको थियो।

शिविरमा मुटु जाँच, मिर्गौला जाँच, उच्च रक्तचाप तथा मधुमेह जाँच, महिला सम्बन्धी रोगका जाँचहरु गरिएको चरकका पिआरओ



सोबित सुवेदीले जानकारी दिए। शिविरमा जाँचका लागि डा. प्रदीप काफ्ले, डा. सस्मी मानन्धर, डा. सन्देशप्रकाश पराजुली, गोपाल खनाल लगायत स्वास्थ्य जाँचमा सहभागी थिए। चरक मेमोरियल अस्पतालका प्रबन्ध निर्देशक कपिल पोखरेलले ग्रामीण भेगमा स्वास्थ्य सेवाको पहुँच अझै विस्तार हुन नसक्दा विभिन्न रोगको समस्या जटिल रहेकाले अस्पतालले यस खालका शिविर सञ्चालन गर्दै आएको बताए। उनले गाउँमै अस्पताल नहुँदा विभिन्न स्वास्थ्य समस्याबाट ग्रस्त रहेका स्थानीयवासीले स्वास्थ्य परीक्षण तथा औषधि निःशुल्क रुपमा प्राप्त गर्दा धेरैले राहतको अनुभव गरेको बताउँदै यस किसिमका शिविर सञ्चालन गर्ने योजना सुनाए। चरक अस्पतालले हालै गोरखामा पनि स्वास्थ्य शिविरमा सम्पूर्ण प्राविधिक सहयोग गरेको थियो। लायन्स क्लब अफ पोखरा अभियानका अध्यक्ष मातृका पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कार्यक्रम संयोजक बलबहादुर केसी तथा सञ्चालन विनोदराज आचार्यले गरेका थिए।

# गुप्तेश्वर गुफाको आम्दानी पाँच करोड बढी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस

पोखरा-१७ छोरेपाटनस्थित ऐतिहासिक, धार्मिक एवं पर्यटकीय क्षेत्र गुप्तेश्वर महादेव गुफामा एक वर्षको अवधिमा रु पाँच करोड ४२ लाख ३८ हजार पाँच सय ८३ आम्दानी भएको छ।

गुप्तेश्वर महादेव गुफा संरक्षण समितिको २८औँ वार्षिक साधारणसभामा दिइएको जानकारी अनुसार टिकट बिक्रीबाट रु चार करोड २८ लाख ५८ हजार चार सय ८०, दान पात्रबाट रु २७ लाख ४६ हजार नौ र सहयोग रसिदबाट रु ५१ लाख २७ हजार सात सय ५१, बैंक ब्याजबाट रु १८ लाख ३५ हजार छ सय २७, सटरकबल रु आठ लाख ६८ हजार, कामधेनु गाईले रु चार लाख ६२ हजार आठ सय ६०, सदस्यता रसिद रु ४६ हजार र अन्य रु तीन लाख २३ हजार सात सय ६१ आम्दानी गरेको हो। उच्च अदातल पोखराका मुख्य न्यायाधीश माधवप्रसाद पोखरेलले शनिबार साधारणसभाको उद्घाटन गर्दै प्रमाणका आधारमा छिटोछरितो न्याय सम्पादनमा अतालत क्रियाशील रहेको बताउनुभयो। धार्मिक क्षेत्रको आम्दानी शिक्षा, स्वास्थ्य र समाजको विकाससँगै आयमूलक क्षेत्रमा लगानी बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो। पोखरा महानगरपालिका-१७ का वडाध्यक्ष राधिका शाही योगीले प्राकृतिक स्रोतको आम्दानीबाट विपन्न वर्गलाई सघाउन सुझाव दिनुभयो। साधारणसभामा गुफाको संरक्षणमा सहयोग गरेबापत गण्डकी प्रदेशसभा सचिव हरिराम पोखेल, धनुषा जिल्ला न्यायाधीश योगनाथ ढकाललाई सम्मान गरिएको थियो।

# प्रेसमैली.... ...

विज्ञापन अनुगमन तथा नियमनका लागि रजिष्ट्रारको कार्यालय या सञ्चार समन्वय समितिलाई नै क्षेत्राधिकार दिऔँ", उहाँले भन्नुभयो।

संसदीय पत्रकार मञ्च गण्डकीका उपाध्यक्ष विशन क्षेत्रीले प्रेस रजिष्ट्रारलाई आर्थिक तथा प्रशासनिक अधिकारसमेतदिनुपर्नेबताउनुभयो।उहाँले प्रेस रजिष्ट्रारले स्वायत्त रूपमा काम गर्ने गरी अधिकार प्रत्यायोजन गर्नुपर्ने धारणा राख्नुभयो। उपाध्यक्ष क्षेत्रीले सरकारले चाहेको बेलामा प्रेस रजिष्ट्रारलाई पदबाट हटाउन सक्ने व्यवस्था राख्न नहुने बताउनुभयो। जुनसुकै सरकारको पालामा नियुक्त भएको भए पनि प्रेस रजिष्ट्रारलाई पूरा अवधि काम दिनुपर्ने उहाँले उल्लेख गर्नुभयो। नेपाल पत्रकार महासङ्घ गण्डकीका महासचिव गोविन्द सुवेदीले संविधान र सङ्घीय कानुनसँग बाझिने गरी प्रदेश सञ्चार कानुन नल्याउन प्रदेश सरकारलाई सुझाव दिनुभयो। उहाँले प्रेस रजिष्ट्रारलाई अर्धन्यायिक अधिकार दिनुपर्ने बताउनुभयो।

# प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि कास्की छनौँटमा ४८ खेलाडी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस

प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि कास्की जिल्ला क्रिकेट संघले यहाँका विभिन्न क्लवबाट ४८ खेलाडी छानेर ४ टिम निर्माण गरेको छ।

दुई दिने शिविरमा झण्डै ८० खेलाडी आएका थिए। तिनै खेलाडीबाट टिम रुपा, बेगनास, दिपाङ र फेवा टिम निर्माण गरिएका हुन।

टिम रुपाको क्याप्टेनमा मुस्कान थापा, कोचमा चन्द्र गुरुङ्ग तथा म्यानेजरमा रमेश यादव रहेका छन्। बेगनासको क्याप्टेनमा कृष्ण पौडेल, कोचमा विजय रावत तथा म्यानेजरमा अरुण पौडेल रहेका छन्। दिपाङको




क्याप्टेनमा विधान श्रेष्ठ, कोचमा रिजन प्रजु तथा म्यानेजरमा पूर्ण न्यौपाने रहेका छन्। त्यस्तै, टिम फेवाको क्याप्टेनमा अभिषेक थापा, कोचमा ऋषिकेस शर्मा पौडेल तथा म्यानेजरमा कमल थापा रहेका छन्। ऋषिकेस शर्मा पौडेल र कमल थापा चयनकर्तामा थिए। यस पटकको छनौंटमा खेलाडीहरुको सहभागिता उल्लासमय रहेको पौडेलले बताए। पुष १० देखि जिल्ला छनौंट खेल शुरु हुने आयोजक संघका कोषाध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए। छानिएका खेलाडीहरुले उत्कृष्ट प्रदर्शन गर्दै कास्कीको गरिमा बढाउने उनले विश्वास व्यक्त गरे।

अपाङ्गताको आधारमा भेदभाव नगरौं

अपाङ्गताको आधारमा कसैलाई पनि
◆अपमान गर्ने,
◆होच्याउने,
◆दुर्व्यवहार गर्ने र
◆सेवा सुविधाबाट अलग्याउने,
जस्ता कार्य कानुनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, र नगराऔं।
◆अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं।
◆अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# विनोद गौचनको स्मृति दिवस विविध कार्यक्रमका साथ मनाइने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस

कविता गाउँका प्रणेता कवि तथा गीतकार विनोद गौचनको स्मृति दिवस विविध गतिविधिका साथ मनाइने भएको छ।

लुम्ले कविता गाउँ समितिको शनिवार सम्पन्न बैठकले यही पौष २० गते गौचनको व्यक्तित्व र कृतित्व परिचर्चाका साथै विद्यालयस्तरीय कविता प्रतियोगिता आयोजना गरी स्मृति दिवस मनाउने संस्थाका अध्यक्ष भरत देवकोटाले जानकारी दिए।

अन्नपूर्ण गाउँपालिका वडा नं. ६ लुम्लेका अध्यक्ष एकदेव देवकोटाले विनोद गौचनको योगदानलाई स्मरणीय बनाउन निरन्तर क्रियाशील रहँदै आएकोमा अब प्रतिमा स्थापनालाई पूर्णता दिन वडाले सक्दो सहयोग गने बताए। गौचनका दाजु विश्वमोहन गौचनले लुम्ले कविता गाउँ समितिले लुम्लेको पहिचानलाई थप उचाइमा पुऱ्याउन कविता गाउँको प्रचारप्रसारमा जोड दिन आग्रह गरे। साथै उनले विनोदको प्रतिमा स्थापनाका लागि जग्गा व्यवस्थापन भएपछि आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने बचनवद्धतासमेत व्यक्त गरे। बैठकले लुम्लेमा विनोद गौचनको प्रतिमा स्थापनाका लागि समितिका अध्यक्ष भरत देवकोटाको अध्यक्षतामा समिति गठन गरेको छ। समितिमा संस्थाका सल्लाहकार असफल गौतम, सचिव सुवास गुरुङ, पूर्व सचिव सुनिल देवकोटा, वडा ६ का वडाध्यक्ष एकदेव देवकोटा र गौचनका दाजु विश्वमोहन गौचन रहेका छन्।

गौचनको परिकल्पनामा २०६५ चैत्र १५ गते लुम्लेलाई कविता गाउँ घोषणा गरिएको थियो। त्यसको ५ वर्षपछि २०७० पौष २० गते निधन भएका गौचनको स्मरणमा समितिले हरेक वर्ष विविध कार्यक्रमका साथ स्मृति दिवस र जन्मजयन्ती विशेष समारोह सञ्चालन गर्दै आएको संस्थाका सचिव सुवास गुरुङले जानकारी दिए।

# २० औं माछापुच्छ्रे टेनिस प्रतियोगिताको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस




कास्की जिल्ला टेनिस संघको आयोजनामा हुने "२० औं माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता २०८०" तयारी पुरा भएको छ।

माछापुच्छ्रे बैंकको मुख्य प्रायोजनमा हुने प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको आयोजकले जनाएको हो। यहि पौष १० गतेबाट १४ गते सम्म पोखरा रंगशालाको टेनिस कोर्टमा सञ्चालन हुने प्रतियोगितामा अहिले सम्मकै ठूलो सहभागिता रहने कास्की टेनिस संघका उपाध्यक्ष एवं प्रतियोगिताका संयोजक नविन चालिसे पोखरामा आइतबार आयोजित पत्रकार सम्मलेनमा जनाएका छन्। प्रतियोगितामा महिला तर्फ १३ र पुरुषतर्फ २०३ जनाको सहभागिता रहेको छ।

प्रतियोगितामा सहभागिता जनाउन भारत, यूके र बंगालादेशका खेलाडी समेत पोखरा आउन लागेको उपाध्यक्ष चालिसे जानकारी दिए। उनले भने-"यो माछापुच्छ्रे टेनिस खेलको इतिहासमा नै सर्वाधिक सहभागिता हो। यसले खेलकुदमार्फत पोखराको पर्यटन प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौं।" प्रतियोगिता अन्तर्गत मेन्स तथा उमेन्सका सिंगल्स र डबल्स तथा ३५, ४५, ५५, ६५ वर्ष माथी गरी विभिन्न उमेर सुमहमा १२ इभेन्टमा प्रतिस्पर्धा हुने भएको छ। प्रतियोगितामा ओपन मेन्स तथा उमेन्स सिंगल्सतर्फका बिजेताले जनही नगद ८० हजार र उपविजेताले नगद ४० हजारका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। त्यसै गरी सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजक कास्की टेनिसले जनाएको छ।

प्रतियोगितामा मेन्स तथा उमेन्स डबल्सतर्फ बिजेताले नगद ३० हजार, उपविजेताले १५ हजारसहित ट्रफी र सेमीफाइनालिष्टले नगद १० हजार नगदसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। ३५ वर्ष माथी भेट्रान्स सिंगल्सतर्फको बिजेताले नगद ६० हजार, उपविजेताले ३० हजार सहित ट्रफी तथा मेडल प्राप्त गर्नेछन् भने सेमीफाइनालिष्टले नगद १० हजार सहित पदक प्राप्त गनेर डबल्सतर्फ विजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार सहित ट्रफी संगै सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। ४५ वर्ष भन्दा माथीको सिंगल्स विजेताले नगद ४० हजार, उपविजेताले २० हजार र सेमीफाइनालिष्ट नगद १० हजारका साथमा ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने छ। त्यस्तै सोही स्पर्धाको डबल्सतर्फ विजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार तथा सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्। प्रतियोगिता अन्तर्गत नै हुने ५५ वर्ष माथीको सिंगल्सतर्फको विजेताले नगद ३० हजार, उपविजेताले १५ हजार, सेमीफाइनालिष्टले जनही नगद १० हजार प्राप्त गर्ने आयोजकले जनाएको छ। त्यस्तै डबल्सतर्फको बिजेताले २० हजार, उपविजेताले नगद १० हजार र सेमीफाइनालिष्टले जनही नगद १० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगितामा ६५ वर्ष माथीको सिंगल्सतर्फ बिजेताले नगद १५ हजार, उपविजेताले नगद ७ हजार ५ सय तथा सेमीफाइनालिष्टले जनही नगद २ हजार ५ सयसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गनेछन्। "२० औं माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता २०८०" सम्पन्न गर्न करिव १९ लाख खर्च र २१ लाख आम्दानी हुने कास्की टेनिस संघका कोषाध्यक्ष अनुज बास्तोलाले बताए। प्रतियोगितामा पुरस्कार राशीमा मात्रै नगद करिव रु ८ लाख खर्च हुने उनको भनाई छ। उनले यो प्रतियोगिताबाट करिव २ लाख बचत हुने जानकारी दिए।

सो अवसरमा टुर्नामेन्ट डाइरेक्टर राजन पौडेलले यो पटक खेलाडीहरुको संख्या थपिए संगै प्रतियोगिता एक दिन लम्वाइएको जानकारी दिए। प्रतियोगिता नेपालका नं १ देखि ८ नं सम्मका र्‍याकिङ खेलाडीहरु मैदानमा उत्रिने छन्। नेपालका नं १ पुरुष तर्फ पोखराका प्रदिप खड्का र नं १ महिला खेलाडी अभिलाषा विष्टले सहभागिता जनाउने उनले बताए। संघका अध्यक्ष लोक बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दिननाथ बराल, संघका सचिव नविन श्रेष्ठलगायतले प्रतियोगिताको विविध पक्षबारे जानकारी दिएका थिए।

# राष्ट्रपति रनिङशिल्डमा कालिका मावि च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस

रुपा गाँउपालिकामा आयोजित राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा १२ स्वर्ण, ३ रजतसहित रुपा १ कालिका मावि च्याम्पियन बनेको छ।

त्यस्तै रुपा ६ चन्द्रप्रभा माविले ५ स्वर्ण, ३ रजत र ६ कास्यसहित दोस्रो स्थानमा रह्यो। रुपा गाँउपालिकास्थित खेलमैदान भएको प्रतिस्पर्धामा रुपा ३ स्थित जनता माविले २ स्वर्ण, २ रजत र २ कास्यसहित तेस्रो स्थानमा रह्यो। प्रतियोगितामा गाँउपालिकाका १० विद्यालयले सहभागिता जनाएका थिए।

प्रतियोगितामा एथलेटिक्स तर्फ १ सय, २ सय, ४ सय, ८सय मिटर र रिले दौडमा छात्रा तथा छात्र समावेश गरिएको थियो। त्यस्तै हाईजम्प, लङजम्प, त्रिपल जम्प र सटफुट लगायतका खेलहरुमा समेत प्रतिस्पर्धा गराइएको थियो। त्यस्तै ज्याभलिन थ्रो छात्र तथा छात्रा तथा भलिबल खेल समावेश गरिएको थियो। विजेता विद्यालयका खेलाडीहरुलाई संघीय संसद मनबहादुर गुरुङ, रुपा गाँउपालिकाका अध्यक्ष नवराज ओभा लगायतले पुरस्कार प्रदान गरेका थिए।

# बाह्रौं पोखरा महोत्सव पुष २६ देखि माघ ८ सम्म

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस




बाह्रौं संस्करणको पोखरा महोत्सव आगामी पुष २६ देखि माघ ८ सम्म हुने भएको छ। आयोजक यूनाइटेड क्लबले आइतबार पत्रकार सम्मेलनको आयोजना गरी आगामी पुषको २६ देखि माघको ८ गते सम्म पोखरा महोत्सव हुने जानकारी दिएको हो।

"युवाको जाँगर राष्ट्र निर्माणको आधार" भन्ने मुल नाराका साथ २०६७ साल बैशाख ७ गते स्थापना भएको यूनाइटेड क्लबले महोत्सवको आयोजना गरी सामाजिक काम गर्दै आइरहेको छ। क्लबले पोखरा महोत्सवको आयोजना गरी शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धनका लागि खुल्ला चिडियाखानाको अवधारणा र सेती नदी संरक्षणमा काम गर्दै आइरहेको क्लबका अध्यक्ष राजु श्रेष्ठले बताए। श्रेष्ठका अनुसार बाह्रौं पोखरा महोत्सवबाट लेखनाथको अर्चलेमा रहेको क्लबको आफ्नै जग्गामा गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई लक्षित गरी निशुल्क शिक्षा प्रदान गर्ने गरी आवाशिय छात्रावास निर्माणको लागी समेत रकम छुट्याइने छ। क्लबले पोखरा महोत्सवको आयोजना गरी हालसम्म पोखरा आसपासमा रहेका १८ वटा सामुदायिक विद्यालयहरुमा छात्रबृत्ति अक्षयकोष स्थापाना एवं शैक्षिक सामाग्रीहरु वितरण ग्रामिण क्षेत्रहरुमा निशुल्क स्वास्थ्य शिविर संगै दीर्घ तथा ठूला रोग लागेका गरिब तथा अशक्त ब्याक्तिहरुलाइए आर्थिक सहयोग गर्दै आइरहको अध्यक्ष श्रेष्ठले जानकारी दिए। त्यसैगरी क्लबले आफै खेलकुद आयोजना गर्नुका साथै विभिन्न खेलकुद प्रतियोगिताहरुमा प्रायोजक, सहयोगी संस्था तथा प्रवर्द्धक भइ काम गर्दै आइरहेको र पर्यटन प्रवर्द्धन तर्फ पोखरामा खुल्ला चिडियाखाना निर्माणको अवधारणा लिइ पोखराको लेखनाथमा निर्माणाधिन पोखरा जुलोजिकल पार्कमा हाल सम्म ५८ लाख ८५ हजार रुपैया हस्तान्तरण गरिसकेको अध्यक्ष श्रेष्ठले जानकारी दिए। श्रेष्ठका अनुसार पोखरा जुलोजिकल पार्क अहिले गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेशको गौरवको योजना अन्तर्गत जिल्ला डिभिजन बन कार्यालय मार्फत निर्माणको काम अगाडी वढिरहेकाले एघारौं पोखरा महोत्सवबाट क्लबले उक्त क्षेत्रमा रकम हस्तान्तरण गर्न छाडेको हो। क्लबले विपद ब्यवस्थापन कोष अन्तर्गत कैलाली जिल्ला हावाहुरी पडित, कोभिड १९ माहमारीको बेला गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, पो.म.न.पा.वडा १० र १२, उदयपूर जिल्ला गढी गाउँपालिकाका हावाहुरी पिडितलाई आर्थिक सहयोग र भर्खरै पश्चिम रुकुम जाजरकोटका भूकम्प प्रभावितहरुलाई न्यानो कपडा वितरण गरिएको समेत श्रेष्ठले जानकारी दिए। महोत्सवको आमदानीबाट बचत हुने रकमबाट सेती नदी संरक्षण, शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन र क्लबको आफ्नै जग्गा रहेको पोखरा २६ अर्चलेमा गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई लक्षित गरी निशुल्क शिक्षा प्रदान गर्ने गरी आवाशिय छात्रावास निर्माणको लागी हरेक क्षेत्रमा १५ प्रतिशत रकम छुट्याइने भएको छ। बाह्रौं संस्करणको पोखरा महोत्सवको मुख्य प्रायोजक रवि एण्ड सन्नी इण्डष्ट्रिज प्रालिको बेटर होम एपलाएन्सेस, प्रायोजकहरुमा योकोहामा जापानिज ल्याङ्ग्वेज एण्ड ट्रेनिङ कन्सल्टेन्सी, टिकट प्रयोजकमा सिटिजन फर्निचर ट्रेड लिङ्क प्रा.ली., प्रवेश पास प्रयोजकमा सिद्धी अटो पार्टस् एण्ड मोटरसाईकल वर्कसप, अफिसियल इन्स्योरेन्समा आइ.जी.आइ प्रुडेन्सियल इन्स्योरेन्स, हस्पिटालिटी पार्टनरमा होटल टाक्स इन्टरनेशनल रहेको छ भने विशेष सहयोगी संस्थामा गण्डकी प्रज्ञा प्रतिष्ठान, नेपाल पर्यटन वोर्ड, पोखरा महानगरपालिका र अमरसिंह मा.वि रहेको छ। मिडिया पार्टनरहरुमा ए.बी.सी. न्युज टेलिभिजन, फेवा टेलिभिजन रहेको महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले वताए। महोत्सवमा शारिरीक अशक्त, बृद्धबृद्धा (बृद्धभत्ता कार्ड) एकल महिला, विदेशी पर्यटक, पत्रकार, ५ वर्ष मुनिका वालवालिका र सुरक्षाकर्मी (पोषाक सहित) हरुलाइ निशुलक प्रवेश गराइने छ। १२ दिन सम्म सञ्चालन हुने महोत्सवमा २ सय ३० देखी २ सय ५० स्टल रहने र आइतबारदेखी स्टल बुकिङ खुल्ला गरिएको छ। महोत्सवमा २ देखी २ लाख ५० हजार दर्शकको अनुमान गरिएको छ। महोत्सवबाट १ करोड १७ लाख ५० हजार आम्दानी र १ करोड १७ लाख ५० हजार खच भई ३४ लाख २५ हजार बचत हुने अनुमान गरिएको छ। महोत्सवले देशको कला, संस्कृति, भेषभुषाको संरक्षण, शिक्षा, स्वास्थ्य, खेलकुद तथा पर्यटनको विकास गरी देशलाई समृद्धि तिर पुऱ्याउनु, विकसित सुचना प्रविधिको जानकारी सर्वसाधारण समक्ष पुऱ्याउने, गण्डकी प्रदेशमा रहेका पर्यटकीय स्थानको बारेमा जानकारी दिदै आन्तरिक तथा बाह्य क्षेत्रमा उत्पादित वस्तुहरुको बजार सहजीकरण गराउने, सवै कलाकारहरुको प्रतिभा प्रस्फुटनमा सहयोग पुऱ्याउने, आर्थिक चलायमान गराई रोजगार सिर्जना गराउने, क्षेत्रगत बिकासमा टेवा पुऱ्याउने र उद्योगको प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ। महोत्सवमा विभिन्न जाति, जनजातिका कला संस्कृतिको प्रदर्शनी, औधोगिक उत्पादनको प्रदर्शनी एवं बिक्री, हस्तकला सामानहरुको प्रदर्शनी एवं बिक्री, सूचना प्रविधीहरुको प्रदर्शनी एवं जानकारी, ब्यवसायीक संघ संस्थाहरुको सेवा बारे जानकारी, स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय उपभोग्य बस्तुहरुको प्रदर्शनी तथा उचित मुल्यमा बिक्री वितरण , पर्यटन प्रवर्द्धनका सामाग्रीहरुको प्रदर्शनी एवं जानकारी, पोखरा लगायत विभिन्न पर्यटकीय स्थलहरुको जानकारी, सामाजिक संस्थाहरुको परिचय एवं जानकारी, नेपाली संस्कृति झल्कने नृत्य प्रस्तुती संगै कृषिका गतिविधीहरु सञ्चालन हुनेछन। महोत्सवको आकर्षणमा लोकदोहोरी तर्फ बद्री पंगेनी, प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, प्रिति आले, ज्योती मगर, प्रकाश दुतराज, शान्तिश्री परियार, श्याम राना, समिक्षा अधिकारी, एलिना चौहान, रचना रिमाल, राजु परियार, लगायत स्थानिय कलाकारहरुको प्रस्तुती रहनेछभने कन्सर्ट तर्फ मन्त्र, लाहुरे, सविन राई एण्ड द फेरोह, भिटेन, मेलिना राई, सुगम पोखरेल, जीबब, माइला, श्री ३, रक हेड्स संगै लोकल ब्याण्डहरुको प्रस्तुती रहने छ। त्यसैगरी हास्य ब्यङ्ग्य प्रस्तुती, नेपाली संस्कृति झल्कने प्रस्तुती, बाल उद्यान, विद्यालय स्तरिय लोक नृत्य प्रतियोगिता, झांकी प्रदर्शनी लगायत विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरु रहनेछन। महोत्सवमा पर्यटकीय स्थलको जानकारी दिने स्टललाई निशुल्क प्रदान गरिएको छ। पत्रकार सम्मेलनको सञ्चालन क्लबका महासचिव दिनेश सुनारले गरेका थिएभने कार्यक्रममा वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य राखेका थिएभने नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदी, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारी लगायतले महोत्सवको सफलताको शुभकामना ब्यक्त गरेका थिए।

# खेलमैदान बनाउन श्रमदान अभियान

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ पुस

म्याग्दीको मङ्गला गाउँपालिका-५ कैलाशफाँटमा खेलमैदान निर्माणका लागि श्रमदान अभियान चलाइएको छ। म्याग्दी नदी किनारको बगर र सार्वजनिक जमिनमा तटबन्ध गरी सम्याएर बनाइएको खेल मैदानलाई स्तरोन्नति गरी प्रयोगयोग्य बनाउन श्रमदान अभियान सञ्चालन गरिएको हो। जनप्रतिनिधि, स्थानीय, खेलाडी र विद्यार्थीले श्रमदान गरेर खेलमैदान स्तरोन्नति गर्न लागिएको मङ्गला-५ का वडाध्यक्ष भूपेन्द्र खत्रीले बताउनुभयो।

"चार वर्षअघि डोजरले जमिन सम्याउने काम भए पनि खेलमैदान प्रयोगमा आउन सकेको थिएन्", उहाँले भन्नुभयो, "यही पुस १५ गतेदेखि सञ्चालन हुने राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता यही खेलमैदानमा सञ्चालन गने योजनाअनुसार श्रमदान अभियान चलाइएको हो।" पुस १ गतेदेखि सुरु भएको श्रमदान अभियान पुस १२ गतेसम्म चल्ने बताइएको छ। गाउँपालिकाले जमिन सम्याउन डोजर परिचालन गरेको छ। खेलमैदानमा रहेका ढुङ्गा टिपेर व्यवस्थापन गर्ने, सम्याउने र स्टेज बनाउन म्याग्दी नदी किनारबाट ढुङ्गा ढुवानी गर्न श्रमदान अभियान चलाइएको हो। ससाना ढुङ्गा हटाउने, माटो राख्ने र खाल्डाखुल्डी पुरेर खेल्ने क्रममा चोटपटक नलाग्ने बनाउन लागिएको राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिताका संयोजकसमेत रहेका मङ्गला-१ का वडाध्यक्ष एकजित रोकाले बताउनुभयो। युवाक्लब र आमासमूहको नेतृत्वमा दैनिक २० देखि ३० जना स्थानीय श्रमदान अभियानमा सहभागी भएका छन्। बाबियाचौरको मङ्गला मावि, डनिङ आवासीय र छिस्वाङको शारदा माध्यमिक विद्यालयका विद्यार्थीले बिदाको दिन खेलमैदानमा श्रमदान गरेका छन्। खेलमैदान स्तरोन्नति र व्यवस्थित गर्न समुदाय तहबाट भएको सहभागिताले उत्साहित बनाएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद पौडेलले बताउनुभयो। सात दिनको अवधिमा खेलमैदानले स्वरुप लिएको छ। गण्डकी प्रदेशको एक स्थानीय तह, एक खेलमैदान कार्यक्रममार्फत रु १५ लाख बजेटबाट विसं २०७६ मा एक सय २० मिटर लम्बाइ र ७१ मिटर चौडाइ भएको खेलमैदान बनाइएको थियो। खेलमैदानलाई कटानबाट बचाउन म्याग्दी नदीको किनारमा एक सय २० मिटर लामो ग्याबिन पर्खाल निर्माण गरिएको स्थानीय युवा श्यामसुन्दर कँडेलले बताउनुभयो। गाउँपालिकाको केन्द्र बाबियाचौर, पीपलबोट, सहश्रधारा र रणवाङलाई पायक पर्ने ठाउँमा रहेको कैलाशफाँट नजिकै हालै झोलुङ्गे पुल निर्माण भएको छ। व्यवस्थित खेलमैदान अभावमा खेलकूद गतिविधि र प्रतियोगिता सञ्चालन गर्न समस्या भएको थियो। गाउँपालिकाका अध्यक्ष शतप्रसाद रोकाले विद्यालय परिसरमा खेलकुद गतिविधि सञ्चालन गर्दा पठनपाठन प्रभावित भएकाले खेलकुदका लागि वैकल्पिक स्थानमा खेलमैदान बनाउने अभियान चलाइएको बताउनुभयो। कैलाशफाँटको खेलमैदानलाई पालिकास्तरीय बनाउने योजना रहेको उहाँले बताउनुभयो।


## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८०/०९/०८

पोखरा महानगरपालिका शिक्षा महाशाखा पोखरा कास्कीको मिति २०८०/०९/०८ गतेको पत्र संख्या २०८०/०८१ को चलानी नं.३८७ को पत्रअनुसार यस श्री हर्पनकोट माध्यमिक विद्यालयमा रिक्त रहेको प्रा.वि. तहको करार शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको मिति २०८०/०८/२८ गतेको वि.व्य.स.को बैठकको निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ। तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ।

**तपशिल**
विज्ञापन नं.: ०१/२०८०
पदः शिक्षक संख्याः १ जना तहः प्रा.वि.
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
योग्यताः न्यूनतम कक्षा १२ पास वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८०/०९/२२ गते ४ः बजेसम्म
परीक्षा मितिः २०८०/०९/२३ गते
सम्पर्क मितिः २०८०/०९/२२ गते ४ः बजेपछि
दरखास्त दस्तुरः रु १०००|- (एक हजार मात्र)
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
परीक्षा हुने स्थानः पोखरा महानगरपालिका शिक्षा महाशाखा

**श्री हर्पनकोट माध्यमिक विद्यालय**
**पोखरा-२३, कुद्वीडाँडा, कास्की**
**सम्पर्क नं.: प्र.अ. ९८४६०५८०५१, वि.व्या.स. अध्यक्ष ९८४६०३०२३८**